# सरकारको नियमलाई अटेर गर्दै नीलकण्ठ नगरपालिकाले कक्षा ८ को जिल्लास्तरीय परीक्षा सञ्चालन गर्दै

**बाबुराम श्रेष्ठ/हिटा**


**धादिङ, १४ वैशाख**

धादिङको नीलकण्ठ नगरपालिकाले कक्षा ८ को जिल्लास्तरीय परीक्षा तोकिएकै मितिमा गर्ने अन्तिम तयारीमा जुटेको छ । विश्वव्यापी रूपमा फैलिदै गएको कोरोना भाइरस कोभिड-१९ को उच्च जोखिमको समयमा नगरपालिकाले एक सूचना नै जारी गरी शैक्षिक सत्र २०७७ अन्तर्गत कक्षा ८ को जिल्ला स्तरीय परीक्षा तोकिएकै समयमा गर्न लागिएको हो । कक्षा ८ को जिल्लास्तरीय परीक्षा वैशाख १५ गतेदेखि २३ गते सम्म सञ्चालन हुने भएको छ । तर, महामारी रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ संक्रमणको समयमा विद्यालयहरूले कक्षा ८ को परीक्षा सञ्चालन गर्ने तयारी गरिरहँदा अभिभावकहरूले भने असन्तुष्टि जनाएका छन् ।

विद्यालयका शिक्षकहरू जिल्लास्तरीय परीक्षा गर्नुभन्दा विद्यार्थीहरूको स्वास्थ्यलाई पहिलो प्राथमिकता दिनुपर्ने अभिभावक नीलकण्ठ नगरपालिका-१२ का रामबहादुर राउतले बताउनुभयो । उहाँका अनुसार पहिले स्वास्थ्यलाई ध्यान दियौं, स्वास्थ्य ठिक छ भने मात्र अन्य काम गर्न अगाडि बढ्न सकिन्छ, जब स्वास्थ्य नै ठिक छैन् भने विद्यार्थीलगायत अन्य व्यक्तिहरूको भविष्य के रहेको छ ।

यस्तै, नीलकण्ठ नगरपालिका धादिङले कक्षा ८ को जिल्लास्तरीय परीक्षा वैशाख १५ गतेदेखि गर्ने भनी गरिएको निर्णय सरासर गलत भएको विद्यार्थीहरूको भनाइ रहेको छ । सरकारले कोरोना जोखिम बढेको भन्दै देशभरका विद्यालयहरूको पठनपाठन र परीक्षाहरू स्थगित गरेको छ तर नीलकण्ठ नगरपालिका धादिङले भने कक्षा ८ को परीक्षा स्थगित गर्न नसक्दा कतै कोरोनाको भयानक अवस्था सिर्जना हुने त होइन पशुपति माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको भनाइ छ । नगरपालिकाले विद्यार्थीहरूको स्वाथ्यमा खेलवाड गर्दैछ, परीक्षा दिन सामेल कसरी हुने, यदि परीक्षा नदिम भने बर्ष भरी पढेको खेरा जाने भयो, हामी चिन्तामा छौं विद्यार्थीहरू बताउँछन् ।

यस्तै, पशुपति माध्यमिक विद्यालयमा २० वर्ष आठ महिना सेवा गर्नुभएका पूर्व-प्रधानाध्यापक मोहनबहादुर कँडेलले भने पहिलो प्राथमिकता नगरपालिकाले विद्यार्थीहरूको स्वास्थ्यलाई ध्यान




दिनुपर्ने बताउनुभयो । नगरपालिकाले परीक्षा लिने तयारी गर्नुको साटो विद्यार्थीहरूको स्वास्थ्य कसरी ठिक ठाउँमा ल्याउने भन्ने विषयमा जानकारी लिई निर्णय गर्न अति आवश्यक रहेको शिक्षक कँडेलले बताउनुभयो ।

यस विषयमा नीलकण्ठ नगरपालिका धादिङका सूचना अधिकारी एवं शिक्षा शाखा अधिकृत तुलबहादुर महतले भने नगरभित्रका संस्थागत र सामुदायिक गरी कुल ४६ वटा विद्यालयहरूमा कक्षा ८ को जिल्लास्तरीय परीक्षा गर्ने बताउनुभयो । ४६ वटै विद्यालयहरूमा परीक्षाको तयारी अन्तिम अवस्थामा पुगिसकेको छ, स्वास्थ्य मापदण्डको पालना गरी परीक्षा गर्ने तयारीमा जुटेका छौं । कक्षा ८ को परीक्षापश्चात् नेपाल प्रहरी, सैनिक सेवालगायत इन्डियन आर्मीमा भर्ती हुन जाने विद्यार्थीहरूलाई सहज हुनेछ, तसर्थ परीक्षाको विषयमा सबै विद्यालयका प्रअहरूको बैठकबाट नै परीक्षा सञ्चालन गर्न सकिने बताएपछि नगरपालिकाले यो निर्णय गरेको महतले बताउनुभयो ।

पछिल्लो समयमा धादिङमा कोरोना संक्रमितको संख्या १६५१ जना पुगिसकेका छन् ।। यस्तै धादिङको नेत्रवती डब्जोङ गाउँपालिकामा ५७ जनाको पिसिआर परीक्षण गर्दा १५ जना बालबालिकाको पिसिआर रिपोर्ट पोजेटिभ आएको थियो । आइतबार बसेको सिसिएमसी बैठकले सबै तहमा परीक्षा अर्को सूचना जारी नभएसम्म स्थगित गरेको थियो । यसअघि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले प्रतिबन्धात्मक आदेश जारी गर्दा चालु परीक्षा नरोक्ने निर्णय गरेको थियो ।

# सडक छेउका घर धमाधम भत्काइँदै

**प्रकाश मैनाली/हिटा**

**सर्लाही, १४ वैशाख**

सर्लाहीको बयलवास बजार क्षेत्रमा सडकमा पर्ने घर भत्काउने काम केही दिनदेखि निरन्तर चलिरहेको छ । १५ दिने सूचना निकालेर सडकको मापदण्डभित्र पर्ने घर, टहरा र पसल भत्काउन आग्रह गरिए पनि अधिकांशले नभत्काएपछि अहिले ईश्वरपुर नगरपालिका कार्यालय आफैंले नगरपालिकाको स्रोत साधन र सवारी प्रयोग गरेर धमाधम भत्काइरहेको हो ।

ईश्वरपुरका मेयर मनोजकुमार देवकोटाले सर्वपक्षिय बैठकबाट भएको निर्णयानुसार मंगलबारसम्म सडकमा पर्ने करिव दुई दर्जन बढी घरहरू भत्काइसकिएको जानकारी दिनुभयो । उहाँले घर भत्काउने काम सकिएपछि हुलाकी सडकको मापदण्ड अनुसार ५२ फिटका लागि आवश्यक पर्ने जग्गा दुवै तर्फबाट बराबर लिइने बताउनुभएको छ । घर भत्काउने क्रममा मंगलबार बिहान बजारका स्थानीय र व्यापारीहरूले केहीबेर अवरोध गर्दै ढुंगामुढासमेत गरेका थिए । तत्कालै प्रहरीले स्थिति नियन्त्रणमा लिएपछि घर भत्काउने काम अघि बढेको थियो ।

सर्लाही जिल्लाकै पुरानो मानिने बयलवास बजार फुलजोर-त्रिभुवननगर सडकमा पर्छ । यो सडकअन्तर्गत अन्य अधिकांश ठाउँमा कालोपत्रे भएपनि साईड क्लियर गर्न नसक्दा बयलवास बजार क्षेत्रमा मात्रै कालोपत्रे हुन सकेको छैन । यो पटक मापदण्डअनुसार सडक खाली गराई सम्वन्धित ठेकेदारलाई कालोपत्रे गर्ने वातावरण मिलाइदिने नगरपालिका कार्यालयको तयारी छ । केही दिनअघि नगरभित्रका सबै राजनीतिक दल र सरोकारवालाहरूबीच बैठक बसेर मापदण्ड अनुसार सडक खाली गर्ने निर्णय भएपछि नगरपालिका कार्यालयले साइड क्लियर गर्ने कदम अघि सारेको हो ।

# बालबालिका राहतका लागि गुराँस गाउँपालिकामा टोल फ्री नम्बर

**खगेन्द्र अधिकारी/हिटा**

**सुर्खेत, १४ वैशाख**

जोखिममा रहेका बालबालिकाहरूलाई राहत, पुन:स्थापना तथा सहयोगका लागि दैलेखको गुराँस गाउँपालिकाले पैसा नलाग्ने टोल फ्री नम्बर स्थापना गरेको छ । स्थानीय तहमा गुनासो सुनुवाइ कार्यविधि २०७७ बमोजिम पालिकामा टोल फ्री नम्बर स्थापना गरिएको हो । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकारले गुनासो सुनुवाइ कार्यविधि स्वीकृत गरेपछि टोल फ्री नम्बरको व्यवस्था गरिएको गुराँस गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले बताउनुभयो । जोखिममा परेका बालबालिकाको आपतकालीन उद्धार, राहत, उपचार, परामर्शलगायत सामाजिक तथा संस्थागत पुन:स्थापना गर्न टोल फ्री नम्बर आवश्यक भएकाले स्थापना गरिएको ओलीको भनाइ थियो ।

बालअधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्ने दायित्व स्थानीय सरकारको भएको बताउँदै ओलीले भन्नुभयो, 'जोखिममा परेका बालबालिकाको उद्धार, राहत र पुन:स्थापनालगायतका कार्यहरू पालिकाले सञ्चालन गर्दै आएको छ ।' आकस्मिक उद्धार र संरक्षण, बालबालिकाको सर्वोत्तम हित, विभेदरहित र गोपनीयताका सवालमा पालिकाले महत्त्वपूर्ण जिम्मेवारी लिएको अध्यक्ष ओलीको भनाइ छ । टोल फ्री नम्बरले पालिकाको सुशासन र नागरिकप्रतिको जिम्मेवारीबोध गराउन सहयोग गर्नेछ । पालिकासँग सम्बन्धित सेवाग्राहीका गुनासा, जिज्ञासा र असन्तुष्टिहरू नागरिकले राख्न सक्ने उहाँले बताउनुभयो । कर्णाली प्रदेशको राजधानी सुर्खेत प्रवेश गर्ने मुख्य नाका गुराँस गाउँपालिका भएकाले यहाँ हुने सबै प्रकारका गैर गतिविधिहरूको नियन्त्रण तथा सूचना सम्प्रेषणमा पनि सहयोग पुग्ने उहाँको भनाइ छ ।

**Dilasaini Rural Municipality**
Office of the Rural Municipal Executive
**Dilasaini,Baitadi**
**Sudur Pashchim Province, Nepal**

**Invitation for Sealed Quotation**

NOTICE NO. : 11-077/078
**FIRST DATE OF PUBLICATION: - 2077-12-27 BS (2021-04-09AD)**
**RE-PUBLICATION DATE:-2078-01-15 BS(2021-04-28AD)**

1. **Dilasaini Rural Municipality** invites sealed quotations from registered firms for the OPERATION OF REGISTRATION CAMP FOR VITAL EVENTS REGISTRATION, SOCIAL SECURITY AND RELATEDCOMPLAINT

| S.N. | Contract No | Description of Works | Estimated Amount with VAT | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/BTD/NCB/ service /12-077/78 | OPERATION OF REGISTRATION CAMP FOR VITAL EVENTS REGISTRATION, SOCIAL SECURITY AND RELATED COMPLAINT | 7,57,665/- | 20,000/- | 1,000/- |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Dilasaini Rural Municipality, (email:-drm-baitadi@gmail.com),** Dilasaini Baitadi, Sudur Pashchim Province Nepal.

2. A complete set of sealed documents may be purchased from the office **Dilasaini Rural Municipility,office** of the Rural Municipal Executive, Dilasaini Baitadi, by eligible bidders on the submission of a written application along with the copy of company/firm registration,tax clearance certificate of "f/y" 2076/077 and upon payment of a non-refundable fee of NRS 1000 should deposit in the followingaccount.
   Name of the Bank:**Kumari Bank Limited, Dilasaini Baitadi**
   Name of Office: **Dilasaini Rural Muncipality**
   Office Account No: **0880034242400008**
3. Sealed Bid must be submitted through hard copy before 12:00 Noon on 7th day from the date of Re-Invitation for Bid Notice Published during office hour. Bid received after this dead line will berejected.
4. The sealed quotation will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00PM on 7th day from the date of Re-Invitation for sealed quotation Notice Published at the office of **Dilasaini Rural Municipality, Dilasaini Baitadi**. Bid must be valid for a period 45 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid. if bidders wish to submit Bid Security in the form of cash, the cash should be d eposited in followingaccount.
   Name of the bank: **Kumari bank Limited,Dilasaini Baitadi**
   Name of office: **Dilasaini Rural Muncipality**
   Office Account No**. 0880034242400005**
5. If the last date of purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
6. OtherinformationnotmentionedaboveisasperPublicProcurementAct2063andPublicProcurement Regulation2064withlatest amendment. The employer reserves the right to amend and correct at any time, in case of any discrepancies or error in bidding document, tender notice or any otherdocument.
7. **Dilasaini Rural Municipality,Baitadi** reserves the right to accept or reject any bid and reject all bids at any time prior to contract award.

**(Chief Administrative Officer)**

Government of Nepal
Ministry of Water Supply
**DEPARTMENT OF WATER SUPPLY & SEWERAGE MANAGEMENT**
**Urban Water Supply and Sanitation (Sector) Project**
**PROJECT MANAGEMENT OFFICE**
**Panipokhari, Kathmandu**

**Invitation For Bids**

Date: **28 April 2021 (First date of publication)**
Loan No.: **3711-NEP: Urban Water Supply and Sanitation (Sector) Project**
Contract No.: **UWSSP/OCB-G02/Vehicles**
Deadline for Bids: **28 May 2021, 12:00 PM NST**
Opening of Bids: **28 May 2021, 12:30 PM NST**

1. **The Project Management Office, UWSSP, DWSSM, MOWS** ("the Employer") under ADB financing invites sealed bids in electronic form through PPMO's e-GP system www.bolpatra.gov.np/egp from eligible bidders for Supply and delivery of 10 nos of double cab 4WD 4-door pick-up (diesel) driven vehicle conforming to the required specification in bidding document.
2. Key information required for participation in this bidding process are as follows:

| Minimum average annual turnover within last five years. | Value of the Contractual Experience as main supplier within last 5(five) years of at least Two contracts with nature and complexity similar to the scope of supply | Bid Validity Period | Bid Security Amount and Validity Period | Bid Document Cost and Information to deposit the cost of bidding document: |
|---|---|---|---|---|
| NRs. 92.66 million | NRs. 37.06 million | 90days | NRs. 1.16 million valid upto 120 days after bid opening | Cost of Bidding Document: NRs. 5,000.00<br>Name of Bank: Rastriya Banijya Bank, Thamel, Kathmandu<br>Bank Account No: 1000100200010000<br>Office Code: 313013505<br>Name of Office: Project Management Office<br>Revenue Account No: 14229 |

3. To obtain detail information and inspect the bidding documents, Bidders may visit PPMO e-GP system www.bolpatra. gov. np/egp or should contact :
   **The Project Director**
   **Urban Water Supply and Sanitation (Sector) Project (UWSSP)**
   Ph: 0977- 1 - 4006647, 0977- 1 – 4423186, Fax: 0977-1-4413280
   Website: www.uwssp.gov.np; Email: info@uwssp.gov.np

एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एकडारा ,महोत्तरी

**बोलपत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति २०७८/०१/१५

उपरोक्त बिषयमा यस गाउँ कार्यपालिकाको कार्यालय ,एकडारा ,महोत्तरी मार्फत निर्माण हुने "Rehabilitation of Ram Koluhuwa Pond and Planning of recreation park at Koluhuwa pond ,Ekdara Rural Municipality ,Mahottari , Nepal ., Ekdara/PR/WORKS/02-077/78" को कार्य ईजाजत प्राप्त निर्माण ब्यबसायीहरुबाट गराउनु पर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि PPMO को Website :www.bolpatra.gov.np/egp वा यस कार्यालयमा सम्पर्क गर्न हुन सुचित गरिन्छ ।

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आव्हानको सुचना**

*प्रथम पटक प्रकाशन मिति: २०७८/०१/१५*

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको बाख्रा(पठ्यांग्री) खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनिले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस नगरपालिकाको कार्यालयमा दरभाउपत्र पेश गर्नुहुन सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल:**

| दरभाउपत्र नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| NMG/GOAT/SQ/077/078 | Supply and Delivery of Goat | रु. ५०,००० | रु.१,००० |